नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

(जनशक्ति विकास तथा स्थानीय निकाय कर्मचारी अभिलेख शाखा)

फोन { ४२००१०९, ४२००२८१

पत्र संख्या:- ०७१/७२

चलानी नं.:- ४५८

मिति :-२०७१।११।१२

विषय: अचल सम्पत्ति संरक्षणको कार्ययोजना - २०७१सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय (७५),

श्री महा/उप/नगरपालिकाको कार्यालय (१९१) ।

प्रस्तुत विषयमा सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण र संरक्षणको लागि भएका निर्णयहरुको कार्यान्वयनका लागि नेपाल सरकार (सचिवस्तर) को मिति २०७१/११/०६ को निर्णय बमोजिम यसै पत्रसाथ संलग्न "अचल सम्पत्ति संरक्षणको कार्ययोजना - २०७१" स्वीकृत भएको हुँदा उक्त कार्ययोजना अनुरुप गर्ने गराउने व्यवस्थाको लागि निर्देशानुसार अनुरोध छ ।

(दीपक ढकाल)

शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा विद्युतीय शासन शाखा (Website मा Upload हुने)

## अचल सम्पत्ति संरक्षणको कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | समायवधि | अनुगमन गर्ने निकाय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अन्य निकायबाट विभिन्न मितिमा सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण र संरक्षणका लागि भएका निर्णयहरुको कार्यान्वयन गर्ने । | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्बन्धित स्थानीय निकाय | अन्य निकायलाई पत्राचार गर्नुपर्ने भएमा ३ कार्यदिन भित्र र आफ्नै सरोकारको विषयमा निर्देशन प्राप्त भएको मितिले तत्काल कदम चालिएको हुनुपर्ने | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्राप्त निर्देशन तथा सो बमोजिम भएका कारवाहीको एकीकृत विवरण तयार भएको हुनुपर्ने । |
| २. | क) जि.वि.स.ले आफ्नो स्वामित्वमा रहेका अचल सम्पतिको लगत तयार गर्ने । | जि.वि.स.को कार्यालय, | कार्य योजना स्वीकृत भएको मितिले ३ महिना देखि निरन्तर | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | जि.वि.स.का नाममा रहेका अचल सम्पतिको लगत किताब तयार भएको हुने |
| | ख) जि.वि.स.ले उक्त जिल्लामा रहेका सबै गा.वि.स.हरुलाई आफ्नो स्वामित्वमा रहेका अचल सम्पतिको लगत तयार पार्न लगाउने । | गा.वि.स.को कार्यालय, | कार्य योजना स्वीकृत भएको मितिले ३ महिना देखि निरन्तर | जि.वि.स. | गा.वि.स.का नाममा रहेका अचल सम्पतिको लगत किताब तयार भएको हुने |
| | ग) सबै नगरपालिकाहरुको स्वामित्वमा रहेका अचल सम्पतिको लगत तयार पार्ने । | नगरपालिकाको कार्यालय | कार्य योजना स्वीकृत भएको मितिले ३ महिना देखि निरन्तर | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | नगरपालिकाहरुको नाममा रहेका अचल सम्पतिको लगत किताब तयार भएको हुने |
| ३. | सबै गा.वि.स. तथा न.पा.हरुले सरकारी र सार्वजनिक जग्गाको लगत तयार गर्ने । | सम्बन्धित गा.वि.स. र नगरपालिका कार्यालय | कार्य योजना स्वीकृत भएको मितिले ६ महिना भित्र | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको ग्रामीण विकास समन्वय शाखा र न.पा.व्यवस्था, जिल्ला विकास समितिको कार्यालय | आ-आफ्नो क्षेत्रभित्रका सरकारी र सार्वजनिक जग्गाको लगत तयार भएको हुने । |
| ४. | सं.मा. तथा स्था.वि.मं. बाट हुने स्थानीय निकायको अनुगमनमा सरकारी एवम अन्य सार्वजनिक जग्गाको लगत तथा संरक्षण कार्य सम्बन्धी सूचक अनिवार्य राख्ने । | अनुगमन तथा मूल्यांकन महाशाखा, सं.मा. तथा स्था.वि.मं. | तत्काल शुरु गरी निरन्तर दिने | सचिव, सं.मा. तथा स्था.वि.मं. | अनुगमन सम्बन्धी फारामहरुमा सूचकको व्यवस्था भएको हुने । |